# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल


मिति - २०७९/०४/०२

# आ.ब. ०७९/०८० को लागि सामाजिक सुरक्षा भत्ता नविकरण गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस दक्षिणकाली नगरपालिकाबाट वडा नं. १ देखि ९ नं. भित्र रहेका जेष्ठ नागरिक (अन्य), जेष्ठ नागरिक दलित, जेष्ठ एकल महिला, एकल महिला, पूर्ण अपाङ्ग, आंशिक अपाङ्ग, दलित बालबालिका पोषण भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ.ब. ०७९/०८० मा पनि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि **२०७९ श्रावण देखि २०७९ भाद्र मसान्तसम्म** आ-आफ्नो सम्बन्धित वडा कार्यालयमा लाभग्राही स्वयं उपस्थित भई अनिवार्य नविकरण निवेदन भरि दर्ता गराउनु हुन सबैमा जानकारी गराईन्छ। लाभग्राहीले तोकिएको समय भित्र नविकरण नगराएमा भत्ता रोकिनेछ र पुनः भत्ता प्राप्त गर्न चाहेमा नयाँ निवेदन लिई निवेदन दर्ता भएको अर्को महिनाबाट भत्ता वितरण गरिनेछ। साथै राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च.नं. ९ मिति २०७९/०४/०१ को प्राप्त पत्रानुसार ६८ वर्ष उमेर पुरा भएका जेष्ठ नागरिकलाई समेत भत्ता दिने उल्लेख भएकोमा त्यस्ता लाभग्राहीहरुले पनि वडा कार्यालयमा गई निवेदन दिनुहुन समेत अनुरोध छ र तोकिएको म्याद भित्र सबै लाभग्राहीहरु स्वयं उपस्थित भई भत्ता नविकरणको लागि निवेदन पेश गर्नु हुन समेत जानकारी गराईन्छ।

**आवश्यक कागजातहरुः**

१. नागरिकता प्रमाणपत्र प्रतिलिपी - १ थान
२. पासपोर्ट साईजको फोटो - २ थान

भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ ०१ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np